annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १०३ पृष्ठ ८ | काठमाडौं, सोमबार २८ साउन २०८१ | श्रावण शुक्लपक्ष नवमी, नेपाल संवत् ११४४ | MONDAY, AUGUST 12, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०


कभर स्टोरी

# राजनीतिमा महिला, टिक्नै गाह्रो

नेताहरूले मञ्च पायो कि- महिला अधिकारको चर्को भाषण गर्छन् । उस्तै परे, महिला अधिकारका विषयमा घन्टौं प्रवचन दिन पनि पछि पर्दैनन् । तर, व्यवहारमा भने उल्टो छ । सकभर महिलालाई पदै दिन मान्दैनन्, दिइहाले कामै गर्न दिँदैनन् । महिलालाई होच्याउने, सम्मान नदिने र नीति निर्माण तहमा छेवै पर्न नदिने परिपाटीले नेतृत्वमा पुगेका महिला पनि राजनीतिप्रति निराश छन् ।

**मनिका झा** | *जनकपुरधाम*

**- को रिपोर्ट**




### संघीय सदनमा महिलाको सहभागिता

| राजनीतिक दल | प्रतिनिधिसभा | | | | राष्ट्रियसभा | |
|---|---|---|---|---|---|---|
| | प्रत्यक्ष | | समानुपातिक | | | |
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| कांग्रेस | ५५ | १ | ३ | २१ | १२ | ४ |
| एमाले | ४१ | ४ | १२ | २२ | ३ | ७ |
| माओवादी केन्द्र | १७ | १ | २ | १२ | १३ | ४ |
| जनता समाजवादी पार्टी | ४ | ० | ० | ३ | २ | २ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | ७ | ० | २ | ५ | ० | ० |
| राष्ट्रिय स्वतन्त्र पार्टी | ६ | २ | ६ | ७ | ० | ० |
| नागरिक उन्मुक्ति पार्टी | ३ | १ | ० | ० | ० | ० |
| जनमत पार्टी | १ | ० | १ | ४ | ० | ० |

समाचार पृष्ठ २

## शिक्षा ऐन ल्याउन किन विलम्ब ?



**कुलप्रसाद लामिछाने**

इजलास

पेसागत सुरक्षासँगै शिक्षक नियुक्ति, सरुवा, बढुवा लगायतको विषयमा आफ्ना मागहरू राख्दै देशभरका शिक्षकले आन्दोलन गरे । सरकारले नयाँ शिक्षा ऐनमार्फत सबै मागहरू सम्बोधन गर्ने बाचा गर्‍यो । तर, अझैसम्म यसप्रति सरकार गम्भीर भएको छैन ।

विद्यालय तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई दिने र शिक्षक नियुक्ति, सरुवा, बढुवालगायतका कामहरू स्थानीय तहबाटै गर्ने सरकारको तयारी छ,। तर, यसप्रति देशभरका शिक्षकहरू असन्तुष्ट छन्। संघ र प्रदेश सरकारलाई पनि शिक्षाको अधिकार दिनुपर्छ। स्थानीय तहलाई मात्र अधिकार दिँदा शैक्षिक गुणस्तर झनै खस्किने निश्चित छ। तल्लो तहको सरकारमा राजनीति दाउपेच धेरै हुने गरेको छ। शिक्षकहरूलाई काखा र पाखाको राजनीतिले गर्दा समग्र शैक्षिक क्षेत्रमा असर गरेका कैँयन् उदाहरण छन्। स्थानीय तहलाई सबै अधिकार सुम्पनुको साटो संबैधानिक निकायहरू जस्तै: शिक्षक सेवा आयोगबाटै सरकारले शिक्षकहरूको नियुक्ति, सरुवा र बढुवाको व्यवस्था गर्नुपर्छ।

हाल शिक्षा ऐन २०२८ अनुसार देशको शिक्षा नीति चलिरहेको छ। २०७३ सालमा संशोधन गरिए पनि त्यसले अहिलेका शिक्षकहरूको मागलाई समेट्न सकेको छैन। नयाँ आएको बजेटले पनि शिक्षकहरूको माग सुनुवाइ भएको छैन। प्रावि तहका शिक्षकहरूको ग्रेड वृद्धि, वर्षौंदेखि पढाइरहेका राहत शिक्षकहरूलाई स्थायी बनाउनेलगायत मागलाई सरकारले सम्बोधन गर्नुपर्छ। स्थानीय तहमा शिक्षाको अधिकार पुगे पनि पर्याप्त जनशक्ति र स्रोत छैन। भएका जनशक्तिहरूको पनि क्षमता विकासमा ध्यान पुगेको छैन। त्यसैले पनि विद्यालय तहको शिक्षाको सबै अधिकार स्थानीय तहलाई मात्र दिनु उचित छैन। सरकारले जुन क्षेत्रलाई सवल र सक्षम बनाउनुपर्ने हो, त्यही क्षेत्रलाई बेवास्ता गरेको देशभरका शिक्षाप्रेमीहरूले महसुस गरेका छन्।

*(लामिछाने, नेपाल शिक्षक महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष हुन् ।)*

# समयमै महाधिवेशन गर्न देउवामाथि दबाब

**राधा खनाल** | *काठमाडौं*

**शेखर कोइराला** : सभापतिजीले समयमै महाधिवेशन गर्न आलटाल गर्नुहुन्छ कि भन्ने लागेको छ। त्यसको छनक अहिले देखिनै देखिन थालेको छ।' **शेरबहादुर देउवा (बीचमा रोक्दै)**: महाधिवेशन अहिलेको कार्यसमितिको समय सकिए लगत्तै समयमै हुन्छ । किन सार्ने ? सार्ने कुरै छैन। तपाईं हामी सबै एक भएर त्यसमा लागौं न!'

**शेखर कोइराला** : तपाईंको नेतृत्वमा विगत ८ वर्षदेखि कांग्रेसले राष्ट्रिय राजनीतिमा निर्वाह गरेको भूमिकाको समीक्षा म यहाँ गर्न चाहन्न। कांग्रेस हिजो किन खुम्चियो ? आज फेरि किन गठबन्धनको कारण ठूलो दलका रूपमा संसद्मा उपस्थित छ, यद्यपि कांग्रेसको जनाधार खुम्चिएको निर्वाचनले देखाएको छ। यी सबैको वस्तुनिष्ठ समीक्षा गर्ने जिम्मा म इतिहासलाई छाडिदिन्छु।'

यो दृश्य हो, कांग्रेस केन्द्रीय समितिको आइतबारको बैठकको। कांग्रेसको संस्थापन इतर पक्षले पार्टीको महाधिवेशन समयमै गर्नुपर्नेमा सभापति देउवामाथि दबाब बढाएको छ। र, देउवाले पनि समयमै महाधिवेशन गर्ने भन्दै शंका नगर्न आग्रह गरेका छन्। संस्थापन इतर पक्षका नेता शेखर कोइरालाले नियमित समयअनुसार महाधिवेशन हुँदा ०८२ को मंसिरमा १५औं महाधिवेशन हुनुपर्नेमा जोड दिए। उनले कांग्रेसको १५औं महाधिवेशन लम्बाउने कुनै प्रपञ्च नगरौं भन्दै, 'पार्टीको विधान र नियमावलीमा गर्नुपर्ने संशोधनका लागि अबिलम्ब समितिहरू बनाउन', आग्रह गरे।

१४ औं महाधिवेशनदेखि थाँती रहेका क्रियाशील सदस्यता लगायतका समस्याहरू तत्काल समाधान गरी ५औं महाधिवेशनको सुनिश्चितता केन्द्रीय समिति बैठकले गर्नुपर्नेमा कोइरालाले जोड दिए। 'यो वा त्यो' वहानामा महाधिवेशन सार्ने काम भयो भने त्यसले कांग्रेस र लोकतन्त्र दुवैलाई दुर्घटनातर्फ लैजाने कोइरालाको भनाइ थियो। 'ठीक चार वर्षमा कांग्रेसको महाधिवेशन होस्,' उनले भने, 'मैले यसो भनिरहँदा म यहाँ बिग्रिएको प्रणालीलाई ट्रयाकमा ल्याउने मनाशयबाट यो कुरामा जोड दिइरहेको छु।'

कोइरालाले कांग्रेस र एमाले सुशासनका लागि एक ठाउँमा आएको भनिए पनि व्यवहारमा त्यस्तो नदेखिएको बताए। 'वर्तमान सरकार गठनको सन्दर्भमा कांग्रेस र एमालेले सुशासनको धेरै प्रतिबद्धता तर व्यवहारमा संघ र प्रदेशमा मन्त्रीहरू छनोटले सुशासनलाई जिस्काइरहेको छ,' कोइरालाले भने, 'हामी किन यसरी सुशासनको सन्दर्भमा बारम्बार चुक्दैछौं ?' कोइरालाले छिटो-छिटो सरकार गठन र बिघटन भइरहँदा विकासका गतिविधि अगाडि बढ्न नसकेको बताए। 'जनताले सुशासनको अनुभूति गर्न पाएनन् भनेर मैले नै केही समय अगाडिदेखि भन्दै आइरहेको हुँ,' कोइरालाले भने,'तसर्थ दुई ठूला दल मिलेर सरकार बनाऔं र संविधान



संशोधनमार्फत देशमा राजनीतिक स्थायित्व दिऔं भन्ने आवाज उठाएको हुँ।'

उनले दुई ठूला दल मिलेर बनेको सरकार वर्तमान परिस्थितिमा संसदीय गणितको घमण्ड र राजनीतिक आग्रह र पूर्वाग्रहमा अल्झेर होइन सोझै जनताप्रति उत्तरदायी हुनसक्दा मात्र अहिले देखिएका अनेकन लोकतन्त्र विरोधी शक्तिलाई परास्त गर्न सकिने बताए। केन्द्रीय सदस्य अर्जुननरसिंह केसीले जनताको आवाजलाई नेतृत्वले बेवास्ता गर्न नहुने बताए। उनले देशव्यापी निराशा र जनआक्रोशको प्रमुख कारण- भ्रष्टाचार, दण्डहिनता, कुशासन र आर्थिक अपराध भएको बताए।

'यसका विरुद्ध सरकार र जनस्तरको आन्दोलन कांग्रेसकै नेतृत्व र समन्वयमा हुनुपर्छ,' केसीले भने, 'आजसम्म चर्चित र नीतिगत भ्रष्टाचार काण्डको छानबिन गर्न कुनै पूर्वप्रधानन्यायाधीशको नेतृत्वमा उच्चस्तरीय न्यायिक आयोग गठन गर्न कांग्रेसले नै पहलकदमी



गरोस्।' उनले शासकीय खराबीलाई समाप्त गर्न नसके तिनैले कांग्रेसलाई सिध्याउन सक्ने तथा जनताको पदचाप र वरपरका घटनाबाट समयमै शिक्षा लिनुपर्ने पनि बताए।

'मुख हेरेर दण्ड र पुरस्कार होइन। कसुर हेरेर दण्ड र क्षमता हेरी पुरस्कार नै हामीले खोजेको विधिको शासन हो र लोकतन्त्र हो,' केसीले भने, 'हरेक क्षेत्रमा गुणतन्त्र 'मेरिटोक्रेसी' भन्दा आफ्ना मानिसलाई पुरस्कारतन्त्र हाबी देखिएको छ। यसले जनमानसमा चरम निराशा उब्जाएको छ।'

केन्द्रीय सदस्य डा. गोविन्दराज पोखेलले आन्तरिक चुनाव वडासम्म गराउँदा गुट फैलिएको र भिमकाय सांगठनिक संरचनाले काम गर्न नसकेको बताए। केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले कांग्रेस र एमालेको वर्तमान सरकारले आशा सञ्चार गर्न नसके जनतामा व्याप्त निराशा थप बढ्नेप्रति नेतृत्वलाई सचेत गराएका थिए।

## प्रचण्डलाई नेतृत्व छोड्न आग्रह



**राजकरण महतो** | *काठमाडौं*

पुष्पकमल दाहाल 'प्रचण्ड' ले माओवादी पार्टीको नेतृत्व गरेको ३९ वर्ष भयो। २०४२ सालबाट लगातर पार्टीको नेतृत्व गर्दै आएका छन्। तर, अझै उनी पार्टी नेतृत्वमै जसरी पनि रहन चाहन्छन्। अर्थात्, नेतृत्व हस्तान्तरण गर्न चाहँदैनन्। योबीचमा उनलाई नेतृत्वमा चुनौती दिनेहरूले पार्टी नै छोड्नु परेको छ। प्रचण्डलाई चुनौती दिने क्षमता भएका मोहन वैद्य 'किरण', डा. बाबुराम भट्टराई, रामबहादुर थापा 'बादल', नेत्रविक्रमण चन्द 'विप्लव' लगायत आफैं पाखा लागे। पार्टी एकछत्र राज गरेका प्रचण्डलाई अहिले आएर चुनौती दिने नेताहरू अगाडि आएका छन्। माओवादीका तेस्रो वरियताका नेताहरूले भने प्रचण्डले पार्टीको नेतृत्व छोड्नुपर्ने बताउन थालेका छन्। पार्टीको जारी स्थायी कमिटी बैठकमा नेताहरूले पार्टीलाई नयाँ उचाइमा पुर्‍याउन अध्यक्षले नेतृत्व हस्तान्तरण गर्नुपर्ने माग राखेका छन्। उपमहासचिव जनार्दन शर्माले त लिखित रूपमै पार्टी बैठकमा प्रचण्डले नेतृत्व हस्तान्तरण गर्नुपर्ने एजेन्डा पेस गरेका छन्। उनले पार्टीको नेतृत्व नयाँ पुस्तालाई दिनुपर्ने बताएका छन्। उनले भनेका छन्, 'पार्टी अध्यक्ष प्रचण्डले सत्ताको नेतृत्व गर्नुपर्ने, दोस्रो तहका नेताहरूले खबरदारी र स्कुल विभागको नेतृत्व गर्नुपर्ने अनि तेस्रो तहका नेताहरूलाई पार्टीको नेतृत्वमा ल्याउनुपर्छ।'

» बाँकी पृष्ठ ६

## संविधान संशोधनका लागि आयोग

**काठमाडौं** (अन्नपूर्ण) : एमाले र कांग्रेसले संविधान संशोधनको कुरा गरिरहेका बेला जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले 'संविधान पुनरावलोकन आयोग गठन' गरेर संविधान संशोधन गर्नुपर्ने प्रस्ताव गरेका छन्। पार्टीको केन्द्रीय समितको बैठकमा अध्यक्ष यादवले यो विषयलाई राजनीतिक प्रस्तावको रूपमा पेस गरेका छन्।

आइतबारदेखि ललितपुरमा सुरु पार्टीको केन्द्रीय समितिको बैठकमा यादवले पेस गरेको प्रस्तावमा भनिएको छ, 'आयोगले सिफारिस गरेको राय, सुझाव र सिफारिसका आधारमा मात्रै संविधान संशोधन गर्नुपर्छ।'



प्रथम एकता महाधिवेशनपछि गठित केन्द्रीय समितिको बैठकमा अध्यक्ष यादवले ६१ बुँदे समसामयिक राजनीतिक प्रस्ताव पेस गरेका छन्। संघीय लोकतान्त्रिक गणतन्त्र र समावेशीतालाई संस्थागत गर्न संविधान संशोधन गरी परिमार्जन गर्नका लागि संविधान विज्ञहरू सम्मिलित 'संविधान पुनरावलोकन आयोग' गठन गर्नुपर्ने प्रस्तावमा उल्लेख छ।

'प्रतिनिधिसभालाई जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण गरी प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्छ ' यादवले भनेका छन्, 'राष्ट्रिय सभामा समेत जनसंख्याको अनुपातमा सबै समुदायको प्रतिनिधित्व हुने गरी व्यवस्था गरिनुपर्छ।' 'संविधानमा आवश्यक संशोधन गरी जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख/राष्ट्रपतीय प्रणाली लागू गर्नुपर्छ', अध्यक्ष यादवले पेस गरेको राजनीति प्रस्तावमा भनिएको छ, 'समावेशी तथा पूर्ण समानुपातिक निर्वाचन प्रणाली, समानुपातिक समावेशी प्रतिनिधित्व भएको संघीय न्यायप्रणाली, राष्ट्रिय/जातीय पहिचानमा आधारित स्वायत्तता र स्वशासन सहितको राज्यको संरचना र राज्य शक्तिको बाँडफाँटलगायतका प्रावधानहरू संशोधन गरी संविधानमा व्यवस्था गर्ने।'

» बाँकी पृष्ठ ६

## भारतीय प्रधानमन्त्री मोदीलाई नेपाल भ्रमणको निम्तो



**राधा खनाल** | *काठमाडौं*

प्रधानमन्त्री केपी ओलीले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई नेपाल भ्रमणको निम्तो दिएका छन्। नेपाल भ्रमणमा रहेका भारतीय विदेश सचिव विक्रम मिश्रिसँगको भेटमा ओलीले भारतीय प्रधानमन्त्री मोदीलाई भ्रमणको निम्तो दिएका हुन्। 'शिष्टाचार भेटका लागि आउनुभएका भारतीय विदेश सचिवमार्फत प्रधानमन्त्री ओलीले भारतीय समकक्षी मोदीलाई नेपाल भ्रमणको निमन्त्रणा दिनुभएको छ,' प्रधानमन्त्री ओलीको सचिवालयले जनाएको छ।

त्यसअघि भारतीय सचिव मिश्रिले राष्ट्रपति रामचन्द्र पौडेलसँग भेटवार्ता गरेका थिए। त्यस क्रममा द्विपक्षीय हित र सम्बन्धका विविध विषयमा कुराकानी भएको थियो। राष्ट्रपति पौडेलले जलवायु परिवर्तन असर न्यूनीकरणका लागि नेपाल-भारत मिलेर काम गर्नुपर्ने प्रस्ताव गरेका थिए। राष्ट्रपति पौडेलले भेटमा भने, 'हिमाल र पानीको सुरक्षामा नै मानवजातिको सुरक्षा निर्भर रहेको हुनाले जलवायु परिवर्तनको असर न्यूनीकरणमा दुवै देश मिलेर काम गर्न जरुरी छ,' पौडेलले भनाइ उद्धृत गर्दै प्रेस सल्लाहकार किरण पोखरेलले भने।

नेपाल-भारतबीच अनादिकालदेखि जनस्तर-सम्मको सम्बन्ध रहेको र नेपालको विकासमा भारतको ठूलो सहयोग रहेको उल्लेख गर्दै सचिव मिश्रिको कार्यकालमा दुई देशबीचको सम्बन्ध अझै बलियो हुने राष्ट्रपति पौडेलले बताएका थिए। 'आपसी हित र समृद्धिका लागि दुई देशबीचको मित्रता र सहकार्य अझ मजबुत बनाउनुपर्छ,' पौडेलले भनेका थिए, 'कृषिको आधुनिकीकरण, पूर्वाधार विकास, जलविद्युत्, व्यापार, लगानी, पर्यटन तथा मानव संशाधन विकास नेपालको प्राथमिकता रहेको छ।' विदेश सचिव मिश्रिले नेपालमा जलविद्युत् विकास, दिगो एवं सहज ऊर्जा व्यापारका लागि प्रशस्त संभावना रहेको भन्दै जलवायु परिवर्तनको असर न्यूनीकरणको विषय दुवै देशका लागि चुनौती रहेकाले यसमा मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। नेपाल सरकारका कैयौं योजनामध्ये ऊर्जा, कृषि, पर्यटनजस्ता नेपालको प्राथमिकतामा भारत पनि काम गर्न इच्छुक रहेको विदेश सचिव मिश्रिले बताएका थिए। उनले अगाडि बढिरहेका आयोजना चाँडै सम्पन्न गरेर बाँकी नयाँ प्राथमिकतामा काम गर्न भारत इच्छुक रहेको पनि बताएका थिए।

» बाँकी पृष्ठ ६